का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ मंसिर २०८०,
सोमबार
11 December 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ३०६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



## मधेश राजनीति
# निरन्तर टुटफुट

नेपालको राजनीतिमा निर्णायक भएर उदाएको मधेश आन्दोलन र त्यसमार्फत जन्मिएका राजनीतिक दलहरुमा टुटफुट भने निरन्तर जारी छ । पछिल्लो समय सँगै रहेका महन्थ ठाकुर र राजेन्द्र महतो पनि लोसपामा विवाद गरिरहेका छन् ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २४ मंसिर ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को केन्द्रीय कार्य समिति बैठक आइतबार बस्यो । बैठकमा पार्टीका दोस्रो वरियताका नेता राजेन्द्र महतो अनुपस्थित रहे । यसले लोसपा भित्रको विवाद छताछुल्ल पारिदिएको छ ।

आगामी राष्ट्रिय सभा निर्वाचन र संगठन विस्तार लगायत एजेण्डामा छलफल गर्ने कार्यसूची रहेको बैठकमा अनुपस्थित रहेका महतोले पार्टीमा पछिल्लो पटक गरिएको केन्द्रीय पदाधिकारी र केन्द्रीय समिति विस्तारमा समेत असन्तुष्टी सार्वजनिक गरेका छन् । पार्टीमा आफ्नो मत सुनुवाइ नभएको पनि उनको गूनासो छ।

दुई महिनाअघि बसेको कार्यकारिणी समितिको बैठकमा महतोले पुराना नेतारु छुटेको भन्दै पदाधिकारी र केन्द्रीय समितिमा उनीहरुलाई समेट्नुपर्ने बताएका थिए । पार्टी अध्यक्ष महन्थ ठाकुरले पनि त्यसलाई सम्बोधन गर्ने वचन दिएका थिए । तर अहिलेसम्म पनि आफ्नो मतको सुनुवाइ नभएको भन्दै महतो असन्तुष्ट छन् ।

जे जस्तो कारणले भएता पनि महतोको अनुपस्थितले लोसपा भित्रको विवाद सार्वजनिक भएको छ । यसलाई निरन्तर खिइँदो मधेश आन्दोलनको चित्रका रुपमा लिन्छन् राजनीतिक विश्लेषक र सरोकारवालाहरु ।

नेपालको राजनीतिमा निर्णायक भएर उदाएको मधेश आन्दोलन र त्यसमार्फत जन्मिएका राजनीतिक दलहरुमा टुटफुट भने निरन्तर जारी छ । पछिल्लो समय संगै रहेका महन्थ ठाकुर राजेन्द्र महतो पनि लोसपामा विवाद गरिरहेका छन् ।

मधेशका नेता महिन्द्र राय यादव नेपाल समाजवादी पार्टीमा अन्तर संघर्ष गरिरहेका छन् । डा. बाबुराम भट्टराई तयार नभए पनि माओवादीसँग एकता गर्ने गरी यादव अगाडि बढ्न खोजेपछि नेसपा डा. भट्टराईकै नेतृत्वमा माओवादीसँग एकताको पक्षमा उभिएको छ ।

जनता समाजवादी पार्टी जसपाका अध्यक्ष उपेन्द्र यादव सरकारमा छन् । मधेशको ठूलो शक्तिको रुपमा आफूलाई राख्दै आएका उनी पनि पछिल्लो समय मधेशमा उदाएका नयाँ शक्तिबाट प्रभावित छन् ।

महत्थ ठाकुर, राजेन्द्र महतो, उपेन्द्र यादव कुनै बेला एउटै पार्टीमा थिए । मधेश आन्दोलनका अर्का अगुवा विजय गच्छ्यदार राजनीतिमा गुमनाम छन् । अर्का नेता प्रभु साह आम जनता पार्टी (आजपा) खोलेर अगाडि बढेका छन् । उनी नेतृत्वको दलमा उनी एक्लै सदस्य छन् ।

२०६२/०६३ सालको आन्दोलनको समयमा मधेशका नेताहरु एउटै मुद्दाका लागि एक भएका थिए । त्यसबेला मधेस आन्दोलनले धेरै नेता जन्माए । पहिलो मधेस आन्दोलन सकिएलगत्तै मधेसी जनअधिकार फोरम नेपाल दल स्थापित भयो । फोरम स्थापित हुँदासम्म त्यो सहित दुईवटा सद्भावना गरी मधेस केन्द्रित तीनवटा पार्टी मात्रै >>> पृष्ठ २ मा

जाजकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार/सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ ।

| बैंकको नाम | ठेगाना | खाता नं (चल्ती खाता) |
|---|---|---|
| राष्ट्रिय वाणिज्य वैक | पुतलीसडक | ११३०१००००३७६२००१ |
| कृषि विकास बैंक | रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैंक लिमिटेड | काठमाडौं | ००२००१००५१००३९००००००१ |
| एभरेष्ट बैंक लिमिटेड | नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड | लाजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड | बानेश्वर | ००४०१०१००००००५७ |
| हिमालयन बैंक लिमिटेड | ठमेल | ०१९०५६३१२१००११ |
| नाबिल बैंक लिमिटेड | दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड | कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

नेपाल सरकार
विज्ञापन बोर्ड

## रोकिएन सुन तस्करी
# सातामै ३० किलो बरामद

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ मंसिर ।

पछिल्लो एक साताको अवधिमा करिब ३० किलो अवैध सुन बरामद भएको छ । यो तथ्यले अवैध सुन तस्करी नरोकिएको प्रष्ट्याउँछ ।

संघीय राजधानी काठमाडौंबाट पछिल्लो एक साताको अवधिमा करिब ३० किलो अवैध सुन बरामद भएको छ । यसले अवैध सुन तस्करी नरोकिएको प्रष्ट्याउँछ ।

करिब ३० किलो सुन संघीय राजधानीबाट पछिल्लो एक सातामा बरामद भएको हो । त्रिभुवन विमानस्थल भन्सार कार्यालय, विमानस्थल प्रहरी, प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय न्युरोड र नागढुंगा नाकाले सुन बरामद गरेका हुन् ।

अपराध अनुसन्धान कार्यालयका अनुसार गत मंगलबार न्युरोडबाट ७ किलो सुन बरामद भएको थियो ।

गत बिहीबार मध्यराति त्रिभुवन अन्तर्राष्ट्रिय विभानस्थलबाट भन्सार विभागले १४ किलो सुन बरामद गरेको थियो । उक्त सुन ल्याउन संलग्नहरुमाथि अनुसन्धान गर्न कार्यालय उपसचिव मनिराम पौडेलको संयोजकत्वमा ६ सदस्यीय छानबिन समिति गठन भइसकेको छ ।

सोही दिन अपराध अनुसन्धान कार्यालयले काठमाडौंको नागढुंगा नाकाबाट २ किलो सुन बरामद गरेको थियो । गत शनिबार साढे ६ किलो सुन भन्सार पास भईसकेको अवस्थामा विमानस्थलबाट बरामद भएको थियो ।

भटाभट सुन बरामद हुन थालेपछि रसुवा, दोलखा, सिन्धुपाल्चोक, गोरखा लगायतका सिमा नाकामा प्रहरीको सक्रियता बढेको छ । गत साउन पहिलो साता विमानस्थलबाट बाहिरिएको ६१ किलो सुन राजश्व अनुसन्धान विभागले बरामद गरेको थियो । त्यसयता नेपालमा सुन तस्करीको विषयमा चासो र सक्रियता दुवै बढेको छ । तर, पनि सुन तस्करी नरोकिएको पाइएको हो ।

# संसदमा आरती साहको परिवार



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ मंसिर ।

विगत सात महिनादेखि न्यायको लागि काठमाडौंमा सडक संघर्ष गरिरहेका आरती साहको परिवार संसदीय समितिसम्म पुगेको छ । सर्वोच्च अदालतका लागि प्रस्तावित न्यायाधिश सारंगा सुवेदीले उच्च अदालतमा न्यायाधीश हुँदा गरेको फैसलालाई लिएर उनीहरु संसदीय समितिमा गएका हुन् ।

उच्च अदालतमा रहँदा सुवेदीले बदनियत राखेर फैसला गरेका कारण आफूहरु अन्यायमा परेको भन्दै मृतक आरतीकी बुबा विनोद प्रसाद साह, आमा निर्मला देवी साह, भाइ प्रेम प्रसाद साह छुट्टाछुट्टै उजुरी लिएर संसदीय सुनुवाइ समिति गएका हुन् ।

कर्तव्य ज्यानसम्बन्धी मुद्दाका प्रतिवादीलाई जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाउने फैसला गरेकोमा त्यसविरुद्ध प्रतिवादीहरू उच्च अदालत पुगेका थिए । उक्त मुद्दामा न्यायाधीश सुवेदी समेतको इजलासले जिल्लाको फैसला उल्ट्याउँदै प्रतिवादीलाई छाड्न आदेश दिएको थियो । कर्तव्य ज्यानसम्बन्धी मुद्दामा प्रतिवादीलाई छाड्ने आदेश दिन नमिल्ने हुँदा हुँदै पनि न्यायाधीश सुवेदीले बदनियत राखेर त्यस्तो आदेश गरेर दाबी मृतक आरती साहको परिवारका सदस्यहरुको छ ।

'१७८ दिनदेखि न्यायको लागि सडक संघर्ष गरिरहेका छौं । तर, न्याय पाइरहेका छैनौं । उल्टै बदनियत राखेर आदेश गर्ने न्यायाधीशलाई सर्वोच्च अदालतमा लैजान खोजिँदैछ' आरतीकी बुबा विनोदले समिति बैठकमा भने, 'उहाँ (सुवेदी) बदनियत राखेर >>> पृष्ठ २ मा

Vacancy Annoucement
One of the Leading Recruitment Agency is seeking for following applicant.
Receptionist : 1 (Female)
Qualification: SLC/SEE Passed
Salary will Be Fixed After An Interview Of Candidate.
श्रम इजाजत नं. १९०/०५७/०५८
Nasser International Placement Services Pvt. Ltd.
Sinamangal-09, Kathmandu, Nepal. Tel:+977-01-4578566,4578866.
Mobile: 9808095480

## वैदेशिक रोजगार विशेष
# सात महिनामा ३२ नयाँ म्यानपावर दर्ता, १६ निलम्बित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ मंसिर

वैदेशिक रोजगार विभागले सात महिनाको अवधिमा ३२ वटा नयाँ म्यानपावर कम्पनी दर्ता गरेको छ । त्यस अवधिमा विभागले ३२ वटा म्यानपावर कम्पनीको कारोबार रोक्का, १६ वटाको इजाजतपत्र निलम्बन र दुई म्यानपावर कम्पनीको इजाजतपत्र खारेज गरेको छ ।

गत शुक्रबार विभागबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा सरुवा भएका महानिर्देशक मदन दहालले आफ्नो सात महिने कार्यकालमा सम्पादन गरेका मुख्य कामहरुको विवरण सार्वजनिक गरेका छन् ।

महानिर्देशक दहालले सात महिनाको अवधिमा संस्थागत अर्थात म्यानपावर कम्पनीविरुद्ध २ सय ६९ उजुरी दर्ता गरी १ सय ६२ उजुरीमा मिलापत्र गराइ २ करोड ९२ हजारभन्दा बढी रकम क्षतिपूर्ति स्वरुप वैदेशिक रोजगारबाट फर्केका कामदारलाई उपलब्ध गराएको जारी प्रेस नोटमा उल्लेख गरेका छन् ।

त्यस अवधिमा व्यक्तिगततर्फ ५ सय ९२ उजुरी परेकोमा ६८ वटामा मिलापत्र गराइ २ करोड १४ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराएको छ भने व्यक्तिगततर्फ २३ करोड २७ लाख ९७ हजार क्षतिपूर्ति माग भएकोमा मिलापत्र हुन नसकेको ५ करोड १७ लाख ८६ हजारभन्दा बढीको बिगो दाबी गरी वैदेशिक रोजगार न्यायाधीकरणमा ६० वटा मुद्दा दर्ता गरेको प्रेस नोटमा उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारको सिलसिलामा ठगीमा परेका, अलपत्र परेका, >>> पृष्ठ २ मा

### को बन्दैछ नयाँ महानिर्देशक ?

**काठमाडौं/मस–** दुई वर्षका लागि भनेर गएका वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहालको सात महिनामा सरुवा भएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नयाँ महानिर्देशकको खोजीमा लागेको छ ।

दहाललाई सरुवा गरिए पनि नयाँ महानिर्देशकका बारेमा आइतबार साँझसम्म कुनै निर्णय गरिएको छैन । हाल मन्त्रालयमा कार्यरत सहसचिव >>> पृष्ठ २ मा



# प्रधानमन्त्रीका प्रमुख सल्लाहकार गजुरेलले दिए राजीनामा



**काठमाडौं/मस-** प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका प्रमुख सल्लाहकार हरिबोल गजुरेलले पदबाट राजनीनामा दिएका छन् । मध्यान्ह दैनिकसँग कुरा गर्दै उनले राजनीनामा दिएको पुष्टि गरे । गजुरेलले प्रधानमन्त्री प्रचण्डलाई राजीनामा पत्र बुझाइसकेका छन् ।

राजीनामाको कारणबारे गजुरेल खुल्न चाहेनन् । गत वर्ष माघमा उनी मन्त्रीसरहको सुविधा पाउने गरि प्रमुख राजनीतिक सल्लाहकार नियुक्त भएका थिए । स्रोतका अनुसार गजुरेल प्रधानमन्त्री प्रचण्डको कार्यशैलीप्रति सन्तुष्ट थिएनन् । आफूले दिएका सुझाव कार्यन्वयन नगरेकामा उनी प्रधानमन्त्रीप्रति असन्तुष्ट थिए ।

सत्तारुढ नेकपा माओवादी केन्द्रका उपमहासचिव समेत रहेका गजुरेल सिन्धुलीबाट प्रतिनिधिसभाको चुनाव लड्न चाहान्थे तर पार्टीले उनलाई टिकट नदिएपछि प्रचण्डसँग उनी असन्तुष्ट थिए। असन्तुष्ट रहेका उनलाई फकाउन प्रचण्डले सल्लाहकारको पद अफर गरेका थिए ।

तर गजुरेल भने कार्यकारी भूमिकाको पदमा जान चाहान्थे । त्यसैले केही समय प्रधानमन्त्रीको त्यो अफरबारे केही निर्णय लिएनन् । तर अन्तिममा त्यसलाई स्वीकार गरेका थिए ।

# अमेरिका र दक्षिण अफ्रिका पठाइदिने प्रलोभन देखाएर ठग्ने दुई पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि अमेरिका र दक्षिण अफ्रिका पठाइदिने झुटो प्रलोभनमा पारेर लाखौं रूपैयाँ ठगी गरेको उजुरीका आधारमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

वैदेशिक रोजगारीका लागि दक्षिण अफ्रिका पठाइदिन्छु भन्दै रकम ठगी गरेको उजुरीका आधारमा प्रहरीले झापा बिर्तामोड नगरपालिका वडा नं. ४ घर भइ हाल काठमाडौं महानगरपालिका वडा नं. ७ गौरीघाट बस्ने अन्जेश गिरीलाई पक्राउ गरेको हो ।

गिरीले बिजय खत्रीसमेत २ जनालाई वैदेशिक रोजगारीका लागि दक्षिण अफ्रिका पठाइदिन्छु र त्यसको लागि प्रतिव्यक्ति आठ लाख पचास हजार रुपैयाँ लाग्ने र दक्षिण अफ्रिका पुगेपछि १ लाख २० हजार रुपैयाँ तलब हुने प्रतिष्ठित कम्पनीमा काम लगाइदिन्छु भनेर विश्वास दिलाइ पटक-पटक गरी १७ लाख रुपैयाँ लिइ सम्पर्कविहीन भएको प्रहरीले बताएको छ । गिरीलाई सिनामंगलबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ ।

त्यसैगरी नविन खड्कालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु भन्दै ८ लाख रुपैयाँ लिइ सम्पर्कविहीन भएको उजुरीका आधारमा बर्दिया मधुवन वडा नं. ६ घर भइ हाल ललितपुरको गोदावारी बस्ने अभिषेक श्रेष्ठलाई पनि प्रहरीले पक्राउ गरेको छ । श्रेष्ठले नविन खड्कालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु र त्यसका लागि ३५ लाख रुपैयाँ लाग्ने तथा अमेरिका पुगेपछि ३ लाख रुपैयाँ तलब हुने प्रतिष्ठित होटलमा काम लगाइदिन्छु भनेर पटकपटक गरी आठ लाख लिइ सम्पर्कविहीन भएको प्रहरीले बताएको छ । प्रहरीले उनलाई ललितपुर लगनखेलबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ ।

## मधेश...

थिए । तर पछि पार्टीमा बिग्रह भयो ।

विजय गच्छदारले फोरम लोकतान्त्रिक, राजकिशोर यादवले फोरम गणतान्त्रिक र शरदसिंह भण्डारीले राष्ट्रिय मधेस समाजवादी पार्टी बनाए । पछि गच्छदार माउ पार्टी कांग्रेसमै फर्किए। राजकिशोर जसपामा छन् । सद्भावनाका राजेन्द्र महतो र अनिल झा लोसपामा छन् । महन्थ ठाकुरको तमलोपा पनि विभाजित हुँदै आएर हाल लोसपाका रुपमा छ । ठाकुर नेतृत्वको लोसपामा फेरि विवाद देखा परेको हो ।

## संसदमा...

फैसला गर्नुहुन्छ। त्यस्तो व्यक्तिलाई सर्वोच्च ल्याइयो भने कस्तो न्याय सम्पादन होला ?'

आरतीकी भाइ प्रेम प्रसाद साहले सुवेदी र किरण पोखरेलले ५०/५० लाख लिएर जन्मकैद हुन सक्ने मुद्दामा समेत छाड्ने काम भएको गम्भीर आरोप लगाए । तीन वर्ष भनदा बढी कैदन हुने र जन्मकैद हुने मुद्दाका प्रतिवादीलाई साधारण तारिखमा छाड्न नमिल्ने जान्दा जान्दै छाडिएको भनी उनले रकम लिएको आरोप लगाए ।

सुरुमा आरतीको मृत्युका सम्बन्धमा तयार भएको मेडिकल रिर्पोट मेडिकल काउन्सिलबाट गल्ति भएको पुष्टि भएको र डाक्टर र पुसिलबाट गल्ति भएको पुष्टि भएको दाबी गर्दै उनले सुवेदीले गलत मनसायका साथ आदेश गरेको बताए ।

२० मंसिरमा सर्वोच्च अदालतले उक्त आदेशलाई उल्ट्याएर आरतीकी श्रीमानलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश गरिसकेको छ। यसले पनि सुवेदीको कार्यमाथि प्रश्न उठाएको साहको भनाइ छ । साथै, न्यायाधीश सुवेदीलाई सनम शाक्य हत्या र ३३ किलो सुन तस्करी प्रकरणमा न्याय परिषदले सचेत गराएको थियो। यो विषयलाई समेत आधार बनाएर उजुरीकर्ताहरुले उनको नैतिकतामाथि प्रश्न उठाएका छन्।

उजुरीकर्ता चिरिन्जीवीभक्त पौडेलले यो विषयमा करोडौंको लेनदेन भएको आरोप लगाए । '३३ किलो सुन काण्डको विषयमा न्याय परिषदले सोधपुछ गरेर नसियत गरेको व्यक्ति हो सुवेदी' पौडेलले आरोप लगाएका छन्, 'यो काण्डमा सारंगा सुवेदीले घटिमा १ करोड त पाउनुभयो ।' सांसदहरुले पैसा लिएको प्रमाण दिन उजुरीकर्ता पौडेललाई आग्रह गरेका थिए । उजुरीकर्ता पौडेलले 'घुसको प्रमाण नहुने' जवाफ दिए ।

सुवेदीको विषयमा न्याय परिषदमा समेत उजुरी बिचाराधीन रहेको उल्लेख गर्दै उजुरीकर्ताहरुले न्याय परिषदबाटै उनको नाम सर्वोच्च अदालतका लागि सिफारिस हुँदा आफूहरु आश्चर्यचकित भएको पनि बताएका छन् । राजनीतिक पहुँचका आधारमा न्यायाधिश सिफारिस भएको हुन सक्ने उनीहरुको आशंका रहेको छ ।

आरती साहको परिवारले संसदीय सुनुवाइ केवल औपचारिकताका लागि नगर्न समेत भनेका छन्। न्याय गरिबले नपाउने भन्ने नहुने उल्लेख गर्दै उनले न्याय सबैका लागि समान रहेको स्थापित गर्न आवश्यक रहेकोमा जोड दिएका छन् ।

गत जेठ ७ गते साँझ जनकपुरधाम उपमहानगरपालिका-९ थापाचोक बस्ने मोतीबाबु साहका श्रीमती २२ वर्षीय आरतीको रहस्यमय मृत्यु भएको थियो । धनुषाको मिथिला बिहारी नगरपालिका-३ मिथिलेश्वर मौवाही घर भई जनकपुरधाम-९ थापा चोकमा रहँदै आएकी २२ वर्षीय आरतीकुमारी साहको मृत्यु भएको हो ।

उनको दाइजोका कारण हत्या गरिएको माइतीपक्षको आरोप छ। थप रकम नदिदाँ पटक-पटक आरतीलाई उनीहरुले कुटपिट गर्दै शारीरिक र मानसिक यातना दिँदै आएको आरोप छ ।

मृतक साहको परिवारले एसपी र डिएसपीलाई निलम्बन गरी कारबाही गर्नुपर्ने, जिल्ला न्यायाधिवक्ता, पोस्टमार्टममा संलग्न डाक्टरमाथि अनुसन्धान गरी कारबाही गर्नुपर्ने, हत्याको सिआइबीद्वारा जाँच गर्नुपनर्ने लगायतका माग राखेका छन् ।

## सात...

सम्झौताबमोजिमको काम र तलब सुविधा नपाएका कामदारहरुको सन्दर्भमा विभागले अभिभावकीय भूमिका निर्वाह गरेको भन्दै दहालले विभागको अनुगमन र अनुसन्धानको नियामकीय कार्यले वैदेशिक रोजगार पीडितहरुको उत्साह र मनोबल बढेको दाबी गरेका छन्। गत जेठ २ गतेबाट विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेका महानिर्देशक दहाललाई शुक्रबार विभागका कर्मचारीले बिदाइ गरेका थिए । महानिर्देशक दहालको मन्त्री शरतसिंह भण्डारी तथा वैदेशिक रोजगार व्यवसायीबीच अनपेक्षितरुपमा चिसो सम्बन्धको विकास भएको कारणले उनको सरुवा भएको बताइएको छ । तर दहालले विभागको महानिर्देशकको जिम्मेवारी निर्वाह गर्दा मन्त्री, मन्त्रालय, संघलगायत सबैले आफूलाई सहयोग गरेको बताएका छन् ।

## को बन्दैछ...

राजीब पोखरेल, डण्डुराज घिमिरे सहज उम्मेदवार भएपनि उनीहरु अनिच्छुक भएपछि बाहिरबाट महानिर्देशकको खोजी गरिएको मन्त्रालय स्रोतले बतायो ।

सोमबार बस्ने मन्त्रिपरिषद बैठकले केही सहसचिवहरुको सरुवा गर्ने र श्रम मन्त्रालयमा आउने नयाँ सहसचिव विभागको महानिर्देशक नियुक्त हुने बताइएको छ । हाल मन्त्रालयका सचिव केवल प्रसाद भण्डारी विदेश भ्रमणमा रहेका र मन्त्री भण्डारी पनि साउदी अरेबिया जाने तयारीमा रहेका कारण महानिर्देशकको टुंगो केही दिनको अन्तरालमा मात्रै हुने अवस्था रहेको मन्त्रालय स्रोतले बतायो ।

## सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयद्वारा प्रस्तावित बहुउद्देश्यीय प्रशासनिक भवन प्रारम्भिक वातावरणीय परीक्षणको

### ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८०/०८/२५**

बागमती प्रदेश, काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ३, स्वयम्भु हलचोक काठमाडौंमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयद्वारा बहुउद्देश्यीय प्रशासनिक भवन निर्माण तथा सञ्चालनको प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय<br>नागार्जुन नगरपालिका वडा नं. ३, स्वयम्भु हलचोक काठमाडौं |
| प्रस्तावको व्यहोरा | बहुउद्देश्यीय प्रशासनिक भवन |
| प्रभाव पर्ने स्थान | नागार्जुन नगरपालिका वडा नं. ३, स्वयम्भु हलचोक काठमाडौं |

वातावरणीय संरक्षण ऐन २०७६ र वातावरणीय संरक्षण नियमावली २०७७ मा व्यवस्था भएअनुसार माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक, जौविक, सामाजिक, सांस्कृतिक तथा आर्थिक प्रणालीमा के कस्तो प्रभाव पार्छ भनि यकिन गर्न सो स्थानको न. पा. तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) भित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय<br>नागर्जुन नगरपालिका वडा नं ३, हलचोक, स्वयम्भु, काठमाडौं<br>फोन नं.: ९८४१३६९२३१<br>इमेल: maseninirman@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | सेप बिल्डर्स प्रा.लि., कालधारा नयाँबजार, काठमाडौं<br>फोन नं.: ९८४१६२८७२४<br>इमेल: sb.shapebuilders@gmail.com |

## कुशे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

### सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८०।०८।२५)**

प्रस्तुत सम्बन्धमा यस कुशे गाउँपालिकामा आवश्यक एम.आई.एस.अपरेटर पद खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग गरेबमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदनको लागि निवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २।२०८०।०८१ | एम.आई.एस.अपरेटर | पाँचौ | १ |

१. **आधारभूत न्युनतम योग्यता र अनुभव:**
क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ कम्प्युटर विषय लिई उर्तीण गरेको वा कम्तिमा प्रविणता प्रमाण तह वा सो सरह उर्तीण गरी कम्तिमा ६ महिनाको कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको,
ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,
२. **दरखास्त दने अन्तिम मिति:** २०८०।०९।९
३. **आवेदन दस्तुर:** रु ५००। (पाँच सय मात्र)
४. **छनौट किसिम:** प्रारम्भिक योग्यताक्रम सूचि प्रकाशन, प्रयोगात्मक तथा अन्तर्वाता परीक्षा ।
५. **आवेदनका साथ संलग्न कागजातहरु** : आवेदन स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
क) नागरिकता
ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग) चारित्रिक प्रमाणपत्र
घ) तालिम लिईएको भए सोको प्रमाणपत्र
ङ) अनुभव भए सोको कागजात
च) २ प्रति पासपोर्ट फोटो
६. **सेवा शर्त तथा सुविधा:** नियमानुसार हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## साउदीमा रोजगार | कम्पनी: WEATHERFORD SAUDI ARABIA COMPANY LIMITED
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०८/२४ चलानी नं.: ६०२११२३७ L.T. No.:295865

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: INFINITY TRADING COMPANY LLC शहर: Arabia, Al Jubail
पूर्व स्वीकृत मिति: २०८०/०८/२४ चलानी नं.: ६०२११२३९ L.T. No.:295623

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २ गते (18 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५७३/०६२/०६३
**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## कुवेतमा रोजगारको अवसर
कम्पनी: KUWAIT ARAB CONTRACTORS CO.
शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०८/२४ चलानी नं.: ६०२११२५१ L.T. No.: 296253

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor/worker/helper | 250 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४१,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver/operator | 50 | 0 | | 160 | ६९,०५९ | | | | | | | |

२. कम्पनी: ALNASR & AL SALAMA GENERAL TRADING CO. शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०८/२४ चलानी नं.: ६०२११२५० L.T. No.: 296254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 6-g Welder | 40 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५८,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 35 | 0 | | 130 | ५६,१११ | | | | | | | |
| 3. | Labor | 40 | 0 | | 90 | ३८,८४६ | | | | | | | |
| 4. | Plumber | 35 | 0 | | 120 | ५१,७९४ | | | | | | | |
| 5. | Structural Fabricator | 35 | 0 | | 135 | ५८,२६९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २ गते (18 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email: destinykuwait3@gmail.com
Fax : 4111890 Mobile No: 9823599811

## Cyprus मा रोजगारको अवसर | कम्पनी : CP CAPITAL LABOUR SUPPLY LTD.
शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८०/०८/२४ चलानी नं.: ६०२११२०१ LT. No.: 296141

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers (Female) | 0 | 20 | स. काममा दक्ष | 320 | ४५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २ गते (18 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. २०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1191/073/074
**Eurosia Human Resourse Pvt. Ltd.**
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel: 014380243
Mob: 9851064740 | 9851237375 | 9840170384
E-mail : eurosiahumanresource@gmail.com, ehr1191@gmail.com Web : www.eurosiahr.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : TRADING AND AGENCY SERVICES LIMITED COMPANY WLL शहर: Doha
पूर्व स्वीकृत मिति: २०७९/१२/०१ चलानी नं.: ६०१९८१३२ LT. No.: 282702 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २ गते (18 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SAAN NEPAL (P.) Ltd. (A manpower consultant) Gov. Lic. No. 734/064/065
**SAAN NEPAL Pvt.Ltd.**
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077, 9801088616, 9801088617, 98010886 18
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np

## युएइमा रोजगार | कम्पनी:SHINBO CO LTD FUJAIRAH BRANCH
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०८/२१ चलानी नं.: ६०२११२०२ LT. No.: 296034

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 20 | 0 | | 1200 | ४३,५०० | | | | | | | |
| 3. | Welder | 20 | 0 | | 1500 | ५४,३७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस २ गते (18 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RHEE License No.: 629/063/64
**Rhee Human Resources Pvt. Ltd.**
Nagpokhary-1, Kathmandu, Nepal, Phone (Office): . 01-4515356, 4513898

## साउदीमा रोजगार | कम्पनी: BUSINESS PART CONTRACTING EST
शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०८/२४ चलानी नं.: ६०२११२४४ LT. No.: 296200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electronic Devices Technician | 1 | 0 | | 1200 | ४३,५०० | | | | | | | |
| 3. | Refrigeration And Air Conditioning Eletrician | 2 | 0 | | 1200 | ४३,५०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुस २ गते (18 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १२२०/०७४/७५
**United World Manpower Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

# आयोगका सिफारिस कार्यान्वयन गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता



**काठमाडौं/मस**-प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मानव अधिकार आयोगले गरेका सिफारिस शतप्रतिशत कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । राष्ट्रिय मानव अधिकार आयोगले ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा आइतबार आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री दाहालले आयोगका सबै सिफारिस कार्यान्वयनका लागि आफूले प्रयत्न गर्ने बताए ।

प्रधानमन्त्री दाहालले सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गरी पीडितलाई अनुभूत हुनेगरी न्याय दिलाउन सरकारले निरन्तर काम गरिरहेको र राजनीतिरूपमा पनि आफूले प्रयास गरिरहेको बताए । उनले आयोगलाई सशक्त र प्रभावकारी बनाउन सरकारबाट हरसम्भव सहयोग हुने बताए । प्रधानमन्त्री दाहालले सरकार मानव अधिकार संरक्षणप्रति प्रतिवद्ध रहेको र मानव अधिकारको संरक्षणका लागि संविधानमा नै ३१ वटा मौलिक हकको व्यवस्था गरिएको बताए ।

आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगले गरेका सिफारिस १५.३ प्रतिशत मात्र पूर्णरूपमा कार्यान्वयन भएका बताउँदै संवैधानिक आयोगका सिफारिस कार्यान्वयनलाई प्राथमिकतामा राख्न आग्रह गरे । उनले २०७२ को भूकम्पका कारण क्षति भएको आयोगको भवन निर्माण नहुँदा दैनिक कार्यसम्पादनमा प्रभावित भएको गुनासो गरे । अध्यक्ष मगरले संक्रमणकालीन न्यायमा ढिलाइ भएकाले त्यससम्बन्धी प्रक्रिया चाँडो अघि बढाउन आग्रह गरे ।

गैरसरकारी महासंघका अध्यक्ष रामप्रसाद सुवेदीले वर्तन संविधान उत्कष्ट भए पनि संवैधानिक संयन्त्र र कार्यान्वयनको अवस्था कमजोर रहेको बताए । उनले राज्यका संयन्त्रले प्रभावकारी रूपमा काम नगर्नाले गणतन्त्रप्रति निराशाजनक अभिव्यक्ति आएका बताए ।

पन्धौं मानव अधिकार महाभेलाका संयोजक दीपक सोनीले संमणकालीन न्यायलाई पूरा गर्न सरकार प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिँदै हरेक नागरिकको मानव अधिकार सुनिश्चित गर्न प्राथमिकता दिनुपर्ने माग गरे ।

मानव अधिकार पुरस्कार बाजुराका सञ्चार तथा स्वास्थ्यकर्मी प्रकाशबहादुर सिंहलाई र मानव अधिकारकर्मी भवानीकुमारी कोइरालालाई दयाराम स्मृति सम्मान प्रदान गरिएको छ ।

आयोगका सदस्य लिली थापाले पीडितलाई क्षतिपूर्तिका लागि आयोगले गरेको सिफारिस कार्यान्वयन नभएकोप्रति प्रधानमन्त्रीको ध्यानाकर्षण गराएकी थिइन् ।

# अलपत्र स्वास्थ्य विज्ञान प्रतिष्ठानः युथ आन्दोलनलाई बढ्दो समर्थन

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २४ मंसिर

सरकारले अलपत्र पारेको निर्माणाधीन रामराजाप्रसाद प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सुचारु गर्नुपर्ने माग राख्दै दोस्रो चरणको आन्दोलनमा उत्रिएका सप्तरी युथलाई हरेक कोणबाट समर्थन बढिरहेको छ ।

राजविराज नगरपालिका-१० बिरौलस्थित कायम गरिएको उक्त प्रतिष्ठान वर्तमान सरकारले अलपत्र पार्दा सप्तरी युथ नेपाल नामक संस्थाले चरणबद्ध आन्दोलनमा उत्रेपछि जिल्लावासीले व्यापक समर्थन गरिरहेको छ ।

यसैबीच आइतबार राजविराजस्थित रहेको मिसन कलेजका विद्यार्थीहरुले संयुक्त हस्ताक्षर बुझाउँदै अभियानमा समर्थन जनाएका छन् ।

पहिलो चरणमा सात दिने संघर्षका कार्यक्रम सफल बनाएका सप्तरी युथ नेपालले दोस्रो चरणमा सरकारमाथि दबाव बनाउन १० हजार हस्ताक्षर संकलन गर्न प्रयत्नशील छन् ।

सोही बमोजिम आइतबार पाँचौ दिनसम्ममा उक्त संस्थाले सात हजार भन्दा बढी हस्ताक्षर संकलन गरिसकेको कार्यवाहक अध्यक्ष मोहन कुमार यादवले जानकारी दिए । स्थानीय राजनीतिक दलका कार्यकर्ताहरु, शिक्षक, बुद्धिजीवी, समाजसेवी, युवा, विद्यार्थीहरुले हस्ताक्षर गर्दै सप्तरी युथको अभियानमा समर्थन जनाएको हो । 'सप्तरीको विकासमा सम्पूर्ण सप्तरीवासी एक हौं' भन्ने मूल नाराका साथ संघर्षमा उत्रिएका सप्तरी युथ नेपालले प्रतिष्ठान निर्माणमा सरकार गम्भीर नभएसम्म आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिने भनिएको छ । उनीहरुले सरकार गम्भीर नभए आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

राजविराज नगरपालिका-८ पानी टंयाकीस्थित हस्ताक्षर अभियान सञ्चालन गर्दै आएको उनीहरुको आन्दोलनमा सप्तरीका जनताहरु एकजुट हुँदै गएका छन् । त्यहाँस्थित हस्ताक्षर गर्न पुगेका स्थानीय तहका निवर्तमान जनप्रतिनिधिहरुदेखि वर्तमान जनप्रतिनिधिहरुले चासो देखाउँदै रामराजाप्रसाद सिंह प्रतिष्ठान निर्माण हुनुपर्ने धारणा राखेका छन् । सरकारले प्रतिष्ठान निर्माणमा पूर्वाग्रही हुन थालेपछि जिल्लावासीले सप्तरी युथको आन्दोलनमा एक्यवद्धता जनाउँदै गएको छ ।

यसैबीच सप्तरीका प्रतिनिधिसभा सदस्य रन्जु झा ठाकुरले संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेतसँग भेटेर कुराकानी गरेकी छिन् । उनले सामाजिक सञ्जाल फेसबुकमा मन्त्री बस्नेतसँगको फोटो सेयर गर्दै प्रतिष्ठान निर्माणका लागि गठन आदेश र रिक्त पदाधिकारीको नियुक्ति गर्ने आश्वासन पाएको अवगत गराएकी छिन् ।

तत्कालीन नेकपा(एमाले)अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले 'एक प्रदेश-एक स्वास्थ्य विज्ञान प्रतिष्ठान'निर्माण गर्ने नीति अन्तर्गत निर्माण शुरु गरिएको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्य पटक-पटक अन्यौलमा पर्ने गरेको छ । पूर्वाधार विकासका लागि तयार पारिएको जग्गामा विवाद भएपछि निर्माण कार्य अन्यौलमा परेको थियो । २०७५ पुस २३ गतेको मन्त्रिपरिषदको बैठकले सप्तरीमा प्रतिष्ठान निर्माण




गर्ने निर्णयको १० महिनापछि जग्गा विवाद अन्त्य भएको थियो ।

जग्गा विवाद अन्त्यपछि राजविराज नगरपालिका-१० बिरौलस्थित ६२ बिगा जग्गा प्रतिष्ठानको स्वामित्वमा आएको थियो । अहिलेको सरकारले प्रतिष्ठान निर्माणका लागी आवश्यक बजेट नदिँदा फेरि निर्माण कार्य अलपत्र परेको स्थानीयहरु बताउँछन् ।

जग्गाको विवाद टुंगो लागेपछि यसै स्थानमा तत्कालीन प्रधानमन्त्री ओलीले २०७८ असार २२ गते भर्चुअल माध्यमले प्रतिष्ठानको शिलान्यास गरेको थियो । शिलान्यास पश्चात् डीपीआरको काम सम्पन्न भएर तारबारले उक्त जग्गा घेरिएको थियो । उक्त प्रतिष्ठानको लागि आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म १६ करोड १० लाख रुपैया बजेट विनियोजन भएको छ । जसमध्ये ३ करोड १६ लाख ४७ हजार खर्च भएको छ भने १२ करोड ८३ लाख ५२ हजार रुपैयाँ खर्च हुन नसकेर फिर्ता भएको छ । कुल ११ अर्ब ८८ करोड रूपैयाँको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न गर्ने भनिएको थियो । तर हालसम्म उक्त प्रतिष्ठानको काम तीव्र गतिमा अगाडि नबढाउँदा उक्त जग्गा गौचरनमा परिणत भएको छ ।

## मेनपावर र मेडिकल बिक्रीमा

सिनामंगल स्थित एक मेनपावार र मेडिकल बिक्रीमा भएकोले इच्छुक महानुभवहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९७६७५४६७७७

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/०७ मा दर्ता भएको **प्रा.लि. नं. २१५३६१** को **इजि किचन एण्ड सोलार प्रा.लि.** को मिति २०८०/०८/२४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२५**

**फिल्मी मार्ट प्रा.लि.** को मिति २०८०/०८/१९ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्मार्ट इन्टरप्रेनर नेपाल प्रा.लि. (प्रा.लि. नं.: २७४६१८)** कायम गर्ने गरी मिति २०८०/०८/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-NASEEM GLASS CO WLL — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/२४ — चलानी नं.: ६०२११२४६ — L.T. No. 296260

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehilcle Drive | 5 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labors (Indoor) | 20 | 0 | | 90 | ३८,८४६ | | | | | | | |

कम्पनी : AL JAZIRA INTERNATIONAL GROUP FOR GENERAL TRADING & CONT. CO. — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/२४ — चलानी नं.: ६०२११२४७ — L.T. No. 296261

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 300 | स. काममा दक्ष | 85 | ३६,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २ गते (18 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Index Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १५४३/०७८/०७९
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनीः NARESCO CONTRACTING LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/२४ — चलानी नं.: ६०२११२४१ — LT. No.: 296199

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
